# चम्पादेवी गाउँपालिका

# आर्थिक ऐन, २०८३

चम्पादेवी गाउँपालिका

कालिका, ओखलढुंगा

कोशी प्रदेश, नेपाल

# चम्पादेवी गाउँपालिकाको आर्थिक ऐन, २०८३

**प्रस्तावना** : चम्पादेवी गाउँपालिकाको आर्थिक क्षेत्रलाई व्यवस्थापन तथा परिचालन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम चम्पादेवी गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम **"आर्थिक ऐन,** २०८३" रहेको छ।

(२) यो ऐन २०८३ साल श्रावण १ गते देखि चम्पादेवी गाउँपालिका क्षेत्रमा लागु हुनेछ।

२. **सम्पति कर**: गाउँपालिका क्षेत्रभित्र अनुसुची - १ बमोजिम एकीकृत सम्पति कर/घरजग्गा कर लगाइने र असुल उपर गरिनेछ। एकीकृत सम्पत्ति करको हकमा संघीय तथा प्रदेश कानून स्वीकृत भै लागू भएमा सोही बमोजिम र उक्त कानूनहरुमा व्यवस्था नभएमा गाउँसभाको निर्णय बमोजिम हुनेछ।

३. **भुमी कर (मालपोत)** : गाउँपालिका क्षेत्रभित्र अनुसुची - २ बमोजिम भुमिकर (मालपोत) लगाइने र असुल उपर गरिनेछ।

४. **बहाल कर:** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, जग्गा पुरै वा आंशिक तवरले बहालमा दिएकोमा अनुसूची - ३ बमोजिम घर जग्गा बहाल कर लगाइने र असुल गरिनेछ।

५. **व्यवसाय कर:** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसुची -४ बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु कर** : गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले उन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोबार गरेबापत अनुसुची -५ बमोजिमको कर लगाइने र असुल उपर गरिनेछ।

७. **सवारी साधन कर :** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसुची -६ बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ। तर प्रदेश कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमेजिम हुनेछ।

८. **विज्ञापन कर :** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसुची -७ बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ। तर प्रदेश कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ

९. **मनोरञ्जन कर :** गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसुची -८ बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ। तर प्रदेश कानुनमा अन्य व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

१०. **बहाल बिटौरी शुल्क :** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसुची -९ मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसुचिमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असुल उपर गरिनेछ।

११. **पार्किङ शुल्क :**गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए बापत अनुसुची -१० बमोजिम पार्किङ शुल्क लगाइने र असुल उपर गरिनेछ।

१२. **ट्राभल एजेन्सी, फनपार्क, ग्लाइडिङ, वाटर ¥याफ्टीङ, ट्रेकिङ, बन्जी जम्पिङ्ग, घोडचढी, पदयात्रा सञ्चालन शुल्क :** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफलायर र ¥याफ्टिङ्ग सेवा वा व्यवसाय सञ्चालन गरेबापत अनुसुची -११ बमोजिमको शुल्क लगाइने र असुल उपर गरिनेछ।

१३. **सेवा शुल्क :** गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनुसुची -१२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसुचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ।

१४.**पर्यटन प्रवेश शुल्क**:गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसुची -१३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाइने र असुल उपर गरिनेछ।  तर प्रदेश कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमेजिम हुनेछ।

१५.**दर्ता, नविकरण तथा सिफारिश दस्तुर :** गाउँपालिकाले उपलब्ध गराउँने दर्ता, नविकरण सिफारिश दस्तुर तथा फोहोर मैला व्यवस्थापन शुल्क अनुसुची -१४ मा उल्लेख भए बमोजिमको दरमा असुल गरिनेछ।

१६.**घर नक्सापास तथा निर्माण शुल्क :**गाउँपालिका क्षेत्रमा घर निर्माण तथा नक्सापास सम्बन्धी शुल्क अनुसूची - १५ मा उल्लेखित दरमा असुल गरिनेछ।

१७. **विविध :** माथि उल्लेखित विषय बाहेक बालुवा, गिटी, रोडा, ढुङ्गा बिक्रि, जल विद्युत, खानीजन्य पदार्थमा अनुसुची - १६ मा उल्लेख भए बमोजिमको कर लगाईने छ।

१८.**वातावरण ताथा सामाजिक विकास शुल्क :** गाउँपालिका भित्र सञ्चालित जलविद्युत/लघु जलविद्युत आयोजना तथा अन्य आयोजनाहरुसँग प्राकृतिक स्रोत साधनको उपयोग गरेवापत वातावरण तथा सामाजिक विकास शुल्क कार्यपालिकाको निर्णय अनुसार असुल गरिनेछ।

१९. **कर छुट**: यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन।

२०.**कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि:** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ।

**२१. मर्मत सम्भार शुल्क: यो ऐनमा भएको व्यवस्था अनुसार यस गाउँपालिका भित्र सञ्चालन भइ सम्पन्न भएको योजना मार्फत मेसिनरी औजार लगाइ गरिएको भुक्तानीबाट १ प्रतिशत रकम असुल गरिनेछ।**

**२२. बहाल कर: (भरपाई) वहाल करको व्यवस्थापन अनुसुचि १७ बमोजिमको रहनेछ।**

**अनुसुची -१.**

**(अनुसुची १ बमोजिम गाउँपालिकाबाट लिईने घरधुरी करको दर)**

| क्र.सं | **घरको प्रकार** | इकाई | दस्तुर रु. | **कैफियत** |
|---|---|---|---|---|
| **कच्ची घर** | | | | |
| १. | ढुङ्गा, माटो र काठको घर १ तला सम्म | गोटा | ५० | |
| २. | ढुङ्गा, माटो र काठको घर १ तला भन्दा माथी | गोटा | १०० | |
| **पक्की/ढलान घर** | | | | |
| ३. | पक्की घर व्यवसायीक | प्रति घर | ५०० | |
| ४. | पक्की घर आवासिय | प्रति घर | ३०० | |

**अनुसुची -.२**

**(अनुसुची २ बमोजिम गाउँपालिकाबाट लिईने भूमिकर (मालपोत) को दर (प्रति रोपनी)**

| क. सं. | जग्गाको वर्गीकरण | खेत (प्रति रोपनी) दस्तुर | बारी/पाखो (प्रति रोपनी) दस्तुर | कैफियत |
|---|---|---|---|---|
| १ | अब्बल | ५०।- | ३५।- | |
| २ | दोयम | ३५।- | २०।- | |
| ३ | सिम | २०।- | १५।- | |
| ४ | चाहार | १५।- | १०।- | |

**ढिलाई गरेवापत १० प्रतिशत थप जरिवाना साथै हर्जनाको जम्मा प्रतिवर्ष १० प्रतिशत लाग्ने।**

**अनुसुची -.३**

| १ | किषिम | रोपनि शुल्क | कैफियत |
|---|---|---|---|
| २ | व्यावसायीक | ६० | |
| ३ | आवास | ४० | |
| ४ | कृषि | २० | |

**(अनुसुची ३ बमोजिम गाउँपालिकाबाट लिईने बहाल करको दर)**

| क.सं. | विवरण | बहाल कर दर | कैफियत |
|---|---|---|---|
| १ | चम्पादेवी गाउँपालिका क्षेत्रभित्र रहेका सरकारी कार्यालय, वित्तिय संस्था, गैह्रसरकारी संघसंस्था, सहकारी संघसस्था वा अन्य यस्तै प्रकृतिका संघ सस्थाहरुलाई | १०% | |
| २ | होटल व्यवसायीलाई सटर वा कोठा भाडामा दिएवापत, व्यक्तिगत वा घरपरिवारलाई कोठा भाडामा दिए वापत | १०% | |
| ३ | चम्पादेवी गाउँपालिका भित्र जग्गा वहाल बापत | ३% | |
| ४ | गाउँपालिका भित्र संचालन हुने मेशिनरी औजार विधुतिय सामान वहाल दिए बापत | १०% | |

**अनुसुची -.४**

**(अनुसूची ४ बमोजिम गाउँपालिकाबाट लिईने व्यवसाय करको दर)**

| क.सं | **व्यवसायको नाम** | **दर्ता शुल्क** | **नवीकरण शुल्क** | **कैफियत** |
|---|---|---|---|---|
| १ | **मदिरा (रक्सी) जन्य तथा सूर्तीजन्य व्यवसाय** | | | |
| | क) थोक बिक्रेता | ४०००.०० | २०००.०० | |
| | ख) खुद्रा बिक्रेता | २०००.०० | १०००.०० | |
| २. | **इलेक्ट्रीक तथा इलेक्ट्रोनिक्स** | | | |
| | क) थोक बिक्रेता | ४०००.०० | २०००.०० | |
| | ख) खुद्रा बिक्रेता | २०००.०० | १०००.०० | |
| ३. | **कपडा पसल** | | | |
| | क) ५० लाख भन्दा माथि पुंजी भएका | १५०००.०० | ५०००.०० | |
| | ख) २० देखि ५० लाख सम्म पुंजी भएका | ८०००.०० | २५००.०० | |
| | ग) १० देखि २० लाख सम्म पुंजी भएका | ७०००.०० | २०००.०० | |
| | घ) ५ देखि १० लाख सम्म पुंजी भएका | ३०००.०० | १५००.०० | |
| | ङ) ३ देखि ५ लाख सम्म पुंजी भएका | २०००.०० | १०००.०० | |
| | च) १ देखि ३ लाख सम्म पुंजी भएका | १५००.०० | ७५०.०० | |
| | छ) १ लाख सम्म पुंजी भएका | १०००.०० | ५००.०० | |
| ४. | **गहना (ज्वेलरी) पसल** | | | |
| | क) सबै खाले गहना निर्माण तथा बिक्री गर्ने ५ लाख भन्दा माथि पुँजी भएको | ६०००.०० | ३०००.०० | |
| | क) स-साना गहना निर्माण तथा बिक्री गर्ने ५ लाख सम्म पुँजी भएको | ४०००.०० | २०००.०० | |

| | | | | |
|---|---|---|---|---|
| ५. | **हार्डवेयर एण्ड सप्लायर्स** | | | |
| | क) १ करोड भन्दा माथि पुँजि भएका | २५०००.०० | १००००.०० | |
| | ख) ५० लाख देखि १ करोड सम्म पुँजि भएका | १५००० | ५००० | |
| | घ) २० देखि ५० लाख सम्म पुँजी भएका | ८०००.०० | २५००.०० | |
| | ङ)१० देखि २० लाख सम्म पुँजी भएका | ७०००.०० | २०००.०० | |
| | च) ५ देखि १० सम्म लाख सम्म पुँजी भएका | ३०००.०० | १५००.०० | |
| | छ) ३ देखि ५ लाख सम्म पुँजी भएका | २०००.०० | १०००.०० | |
| | ज) १ देखि ३ लाख सम्म पुँजी भएका | १५००.०० | ७५०.०० | |
| | झ) १ लाख सम्म पुँजी भएका | १०००.०० | ५००.०० | |
| ६. | **कम्प्युटर, मोवाइल टेलिभिजन, फोटोकपी ,विद्युत सामान, क्यामेरा, टेलिभिजन र रेडियो** | | | |
| | क) थोक बिक्रेता | ३०००.०० | १५००.०० | |
| | ख) खुद्रा बिक्रेता | २०००.०० | १०००.०० | |
| ७. | **पेट्रोल/ डिजेल पम्प तथा ग्याँस** | | | |
| | क) पेट्रोल र डिजेल पम्प | २०००.०० | १०००.०० | |
| | ख) ग्यास तथा मट्टितेल बिक्री गर्ने डिलर | २०००.०० | १०००.०० | |
| | ख) ग्यास तथा मट्टितेल बिक्री गर्ने सब डिलर | १०००.०० | ५००.०० | |
| ८. | **दैनिक उपभोगका खाद्य पदार्थ (खाद्यान्न, दग्ध डेरी, तरकारी तथा फलफुल समेत)** | | | |
| | क) थोक बिक्रेता (सप्लायर्स / स्टोर्स) | ५०००.०० | १०००.०० | |
| | ख) खुद्रा बिक्रेता | १०००.०० | ५००.०० | |
| ९. | **पर्यटन, व्यवसाय, आवास, होटेल, रेष्टुरा, रिसोर्ट** | | | |
| | क) ५० लाख भन्दा माथि पुँजी भएका | १५०००.०० | ५०००.०० | |
| | ख) २० देखि ५० लाख सम्म पुँजी भएका | ८०००.०० | २५००.०० | |
| | ग) १० देखि २० लाख सम्म पुँजी भएका | ७०००.०० | २०००.०० | |
| | घ) ५ देखि १० सम्म लाख सम्म पुँजी भएका | ३०००.०० | १५००.०० | |
| | ङ) ३ देखि ५ लाख सम्म पुँजी भएका | २०००.०० | १०००.०० | |
| | च) १ देखि ३ लाख सम्म पुँजी भएका | १५००.०० | ७५०.०० | |
| | च) १ लाख सम्म पुँजी भएका | १०००.०० | ५००.०० | |
| १०. | **सेवा तथा उद्योग** | | | |
| | ख) फोटोग्राफी, छापाखाना, | ३,०००.०० | १०००.०० | |
| | ग) शीत भण्डार केन्द्र | २,०००.०० | १०००.०० | |
| ११ | **निर्माण तथा औद्योगिक सेवा** | | | |
| | क) सडक, पुल तथा औद्योगिक, व्यापारिक एवं आवास कम्प्लेक्स आदि निर्माण गरी संचालन गर्ने उद्योग व्यवसायमा | १०,०००.०० | ५०००.०० | |
| १२. | **विशेष परामर्श तथा अन्य व्यवसायीक सेवा** | | | |
| | क) इन्जिनियर | १०००.०० | ५००.०० | |

| | | | | |
|---|---|---|---|---|
| | ख) कानुन व्यवसायी | १000.00 | ५00.00 | |
| | ग) लेखा परीक्षक सुचिकृत | २000.00 | १000 | |
| | घ) अनुसन्धानकर्ता तथा परामर्श दाता | १000.00 | ५00.00 | |
| | ङ) कम्प्युटर एनालिष्ट तथा प्रोगामर | १000.00 | ५00.00 | |
| | च) बीमा एजेन्ट | १000.00 | ५00.00 | |
| | छ) सर्भेयर | १000.00 | ५00.00 | |
| | ज) सामान ढुवानी कर्ता तथा कम्पनी | १000.00 | ५00.00 | |
| | झ) संस्थागत पेन्टर | १000.00 | ५00.00 | |
| | ञ) संस्था दर्ता र नविकरण | १000 | ५00 | |
| १३ | **सवारी साधन बिक्री केन्द्र** | | | |
| | क) सवारी साधन विक्रेता | १0,000.00 | ५000.00 | |
| १५. | **उत्पादन मूलक उद्योग** | | | |
| | क) कोरा माल वा अर्ध प्रशोधित माल वा खेर गईरहेको माल सामानको वा अन्य माल सामान प्रयोग वा प्रशोधन गरी माल सामान उत्पादन गर्ने उद्योग | ५,000.00 | २000.00 | |
| १६. | **कृषि तथा वन्यजन्य उद्योग** | | | |
| | क) वन पैदावारमा आधारित उद्योग (उत्पादन गर्ने) | १५,000.00 | ५000.00 | |
| | ख) वन पैदावारमा आधारित व्यवसायमा | ३,000.00 | १000.00 | |
| | ग) कृषिमा आधारित उद्योग व्यवसायमा | २,000.00 | ५00.00 | |
| १७. | **गाउँपालिकामा प्रधान कार्यालय भएको निर्माण व्यवसायमा** | | | |
| | क) क श्रेणीको | १५,000.00 | ७000.00 | |
| | ख) ख श्रेणीको | १२000.00 | ५५00.00 | |
| | ग) ग श्रेणीको | १0000.00 | ५000.00 | |
| | घ) घ श्रेणीको | ८000.00 | ४000.00 | |
| १८. | **खनिज उद्योग** | | | |
| | क) खनिज उत्खन वा प्रशोधन गर्ने उद्योग व्यवसायमा | १0,000.00 | ५000.00 | |
| १९. | **उर्जा मूलक उद्योग** | | | |
| | क) जलश्रोत, वायु, सौर्यशक्ति, कोइला, प्राकृतिक तेल, ग्याँस, बायोग्यास, अन्य श्रोतहरुबाट उर्जा पैदा गर्ने उद्योग व्यवसायमा | ५,000.00 | २000.00 | |
| २०. | **स्वास्थ्य सेवा** | | | |
| | क) गैर सरकारी अस्पताल | १0,000.00 | ५000.00 | |
| | ख) नर्सिङ होम | ८,000.00 | ४000.00 | |
| | ग) मेडिकल हल | ६,000.00 | ३,000.00 | |
| | ग) क्लिनिक तथा ल्याब, औषधी पसल | ५,000.00 | २000.00 | |
| २१. | **सञ्चार सेवा** | | | |
| | क) निजी क्षेत्रको हुलाक सेवा | १,000.00 | ५00.00 | |
| | ख) निजी क्षेत्रका टेलिफोन, फ्याक्स, फोटोकपी, मोवाइल फोन,STD, ISTD इमेल, इन्टरनेट, रेडियो पेजिङ आदि | १,000.00 | ५00.00 | |
| | ग) कुरियर सेवा | १,000.00 | ५00.00 | |
| | घ) रेडियो, एफ.एम. सञ्चालन तथा दर्ता दस्तुर | ५000.00 | २000.00 | |

| | | | | |
|---|---|---|---|---|
| २२. | **सामाजिक सेवा** | | | |
| | | | | |
| | खं) निजी क्षेत्रका स्कूलको कक्षा थप अनुमति सिफारिश | कक्षा १ देखि ३ सम्म - रु ३000.00<br>कक्षा ४ देखि ८ सम्म - रु ५000.00<br>कक्षा ९ देखि १० सम्म - रु ८000.00 | कक्षा १ देखि ३ सम्म -रु १५00<br>कक्षा ४ देखि ८ सम्म -रु २५00<br>कक्षा ९ देखि १० सम्म -रु ४000 | |
| | ख) निजी स्वास्थ्य सिफारिस | रु ५000.00 | रु १000 | |
| | घ) तालिम तथा अनुसन्धान केन्द्र | २,000.00 | १000.00 | |
| | ङ) टाइपिङ, कम्प्युटर तथा भाषा प्रशिक्षण संस्था | २,000.00 | १000.00 | |
| २३. | **मर्मत सम्भार** | | | |
| | क) हेवी इक्यूमेन्टस् बस, ट्रक, कार, | १0,000.00 | ५000.00 | |
| | ख) मोटर साइकल, टेम्पो, साइकल आदि मर्मत कारखाना, वर्कशप | ५000.00 | २000.00 | |
| | ग) रेडियो, टि.भि., घडी, प्रेशर कुकर, हिटर, टेलिफोन सेट , विद्युत सामाग्री मर्मत केन्द्र | १,000.00 | ५00.00 | |
| २४. | **वित्तिय सेवा** | | | |
| | क) नेपाल सरकारको पुर्ण स्वामित्व रहेको बाहेक आर्थिक कारोवार गर्ने वाणिज्य बैक | | १0,000.00 | |
| | ख) आर्थिक कारोवार समेत गर्ने वित्तीय कम्पनीको मुख्य कार्यालय | ८,000.00 | ५000.00 | |
| | ग) वित्तीय कम्पनीको शाखा कार्यालय बैङ्क (तथा क, ख, ग बर्ग) | ५,000.00 | ३000.00 | |
| | घ) वीमा कम्पनी | ८,000.00 | ५000.00 | |
| | ङ) विदेशी मुद्रा सटही | ३,000.00 | १000.00 | |
| | च) धितोपत्र कारोवार | ३,000.00 | १000.00 | |
| | छ) सहकारी बैंक | २,000.00 | १000.00 | |
| | ज) आर्थिक कारोवार गर्ने सहकारी | २000.00 | १000.00 | |
| २५. | **अन्य व्यवसाय** | | | |
| | क) पार्क पिकनिक स्पट | ३000.00 | १,000.00 | |
| | ख) टुर अपरेटर | ३000.00 | १,000.00 | |
| २६. | **अन्य सेवा** | | | |
| | क) विज्ञापन एजेन्सी | ३000.00 | १,५00.00 | |
| | ख) ब्यूटी पार्लर, केश सिंगार, ड्राई क्लिनर्स, फोटो स्टुडियो, आदि | २,000.00 | १,000.00 | |
| | ग) साइन बोर्ड बनाउने पेन्टिङ्ग सेवा | २,000.00 | १,000.00 | |
| | घ) पशु वधशाला (१ गोटा राँगा वा वंगुरको पटकेको रुपमा) | | १५0 | |
| | ङ) मासु बिक्रेता | १,000.00 | ५00.00 | |
| | च) फुल र विरुवा बिक्रेता | १,000.00 | ५00.00 | |
| | छ) खोटो व्यवसायी | २,000.00 | १,000.00 | |

| | | | | |
|---|---|---|---|---|
| | ज) सिसा प्लाइउड बिक्रेता | ४,०००.०० | २,०००.०० | |
| | झ) भाँडाकुँडा बिक्रेता | २,०००.०० | १,०००.०० | |
| | ञ) स्टिल, काठ, फर्निचर तथा फर्निसिङ बिक्रेता | २,०००.०० | १,०००.०० | |
| | ट) खेलौना, उपहार (गिफ्ट) बिक्रेता | १,०००.०० | ५००.०० | |
| | ठ) सिलाई कटाई | १०००.०० | ५००.०० | |
| २७ | अन्य संस्था दर्ता | | | |
| | क)कृषी तथा पशु फर्म/समुह | ३०० | २०० | |
| | ख)अन्य सामाजिक संस्था | १००० | ५०० | |
| | ग)खानेपानि मुहान | १००० | ५०० | |
| | घ)सिंचाई तथा मुहान | १००० | ५०० | |

क) माथी उल्लेख भएको व्यवसायहरुमा सोही अनुसार र नभएको हकमा राजश्व परामर्श समितिको सिफारिसमा गाउँ कार्यपालिकाको बोर्ड बैठकबाट निर्णय गरी कर निर्धारण गरिने छ।

ख) कुनै एक व्यवसायको इजाजत लिई अन्य व्यवसाय समेत थप गरी व्यवसाय सञ्चालन गरेको हकमा माथि उल्लेखित दरको प्रत्येक व्यवसायमा ४० % ले हुने रकम थप व्यवसाय कर लिने।

ग) चालु आ.व. भित्र असुल नभई अर्को आ.व. भित्र असुल गर्दा २०% प्रतिशत थप विलम्व शुल्क सहित असुल गरिनेछ ।

घ) व्यवसाय नवीकरण प्रत्येक श्रावण मसान्तसम्म गर्नुपर्ने छ र श्रावण मसान्तभित्र नवीकरण नगर्ने व्यवसायीलार्य श्रावण मसान्तको ३५ दिनभित्र १० प्रतिशत थप शुल्क लाग्नेछ र सो भन्दा पछी नवीकरण गर्न आउने व्यवसायीलाई प्रत्येक वर्षको थप १० प्रतिशतको दरले जरिवाना लिईने छ।

ङ गाउँपालिका स्थायी बसोबास गर्ने अपाङ्गता भएका व्यक्तिहरुले माथि उल्लेखित व्यवसाय संचालन गर्दा दर्ता शुल्क र नविकरण शुल्कमा ५० प्रतिशत छुट दिईनेछ।

**अनुसुची -.५**

**(अनुसूची ५ बमोजिम गाउँपालिकाले लिने जडीबुटी, कवाडी र जीवजन्तु सम्बन्धी करको दर)**

**क) जडिबुटी, नेपाली कागज, काठ, दाउरा, बाँस र अन्य वस्तुको निकासी करको दर**

| क.स. | विवरण | इकाई | प्रति इकाई दर रु. | कैफियत |
|---|---|---|---|---|
| १ | मजिठो | केजी | २.०० | |
| २ | ओखरफलको बोक्रा | केजी | २.०० | |
| ३ | ओखर काण्ड बोक्रा | केजी | १०.०० | |
| ४ | चिराइतो | केजी | ३.०० | |
| ५ | चुत्रोको बोक्रा | केजी | १.२५ | |
| ६ | कुरिलाको जरा | केजी | १.५० | |
| ७ | सुगन्धवाल | केजी | ४.०० | |
| ८ | अल्लो | केजी | २.०० | |
| ९ | झयाउ | केजी | ७.०० | |
| १० | अर्गेली | केजी | ४.०० | |
| ११ | पाखनवेत | केजी | १.५० | |

| क्र.स. | विवरण | इकाई | प्रति इकाई दर रु. | कैफियत |
|---|---|---|---|---|
| १२ | लोक्ता | केजी | ६.०० | |
| १३ | ठिग्रें सल्लाको सिम्टा | केजी | ३.०० | |
| १४ | धसिंगरेतेल | केजी | ५०.०० | |
| १५ | अम्रिसो | केजी | १.०० | |
| १६ | जटामसी | केजी | ५.०० | |
| १७ | तेजपात | केजी | १.०० | |
| १८ | गोब्रे सल्लाको सिम्टा | केजी | १.०० | |
| १९ | खोल्मे | केजी | १.०० | |
| २० | नागबेली पाउडर | केजी | १६.०० | |
| २१ | खोटो | केजी | ५.०० | |
| २२ | गोब्रे सल्लाको पातको तेल | केजी | ५०.०० | |
| २३ | भिरमह | केजी | ५०.०० | |
| २४ | सतुवा | केजी | ५०.०० | |
| २५ | धुपीपात | केजी | ०.५० | |
| २६ | नागबेली | केजी | ५.०० | |
| २७ | काउलोको बोक्रा | केजी | २.०० | |
| २८ | अन्य सुगन्धित तेल | केजी | ५०.०० | |
| २९ | साधारण च्याउ | केजी | २.०० | |
| ३० | इन्द्रेयिनीको बियाँ | केजी | २.०० | |
| ३१ | नेपाली कागज | कोरी | १०.०० | |
| ३२ | सल्लो (गोलिया) | क्यु.फि | ८.०० | |
| ३३ | सल्लो (चिरान) | क्यु.फि | १०.०० | |
| ३४ | उत्तिस(गोलिया) | क्यु.फि | ६.०० | |
| ३५ | उत्तिस(चिरान) | क्यु.फि | ७.०० | |
| ३५क | चिलाउनेको गोलिया | यु.फि | ५.०० | |
| ३५ख | चिलाउनेको (चिरान) | क्यु.फि | ८.०० | |
| ३६ | अन्य काठ (गोलिया) | क्यु.फि | ५.०० | |
| ३७ | अन्य  काठ (चिरान) | क्यु.फि | ६.०० | |
| ३८ | भेनियर पत्ता (ट्याक्टर) | ट्रिप | ५००.०० | |
| ३९ | भेनियर पत्ता (मिनी ट्रक) | ट्रिप | ७००.०० | |
| ४० | भेनियर पत्ता (ट्रक) | ट्रिप | १०००.०० | |
| ४१ | भेनियर पत्ता (भ्यान ट्रक) | ट्रिप | १२००.०० | |
| ४३ | दाउरा (ट्याक्टर) | ट्रिप | २५.०० | |
| ४४ | दाउरा (मिनी ट्रक) | ट्रिप | ५०.०० | |
| ४५ | दाउरा (भ्यान ट्रक) | ट्रिप | १००.०० | |
| ४६ | काठको भुस (ट्याक्टर) | ट्रिप | २५.०० | |
| ४७ | काठको भुस (मिनी ट्रक) | ट्रिप | ५०.०० | |

| क्र.स. | विवरण | इकाई | प्रति इकाई दर रु. | कैफियत |
|---|---|---|---|---|
| ४८ | काठको भुस (भ्यान ट्रक) | ट्रिप | १००.०० | |
| ४९ | बाँस | गोटा | १.०० | |
| ५० | बन लसुन | केजी | १००.०० | |
| ५१ | हाडे लसुन | केजी | ०.२५ | |
| ५२ | कुरीलो | केजी | २.०० | |
| ५३ | कोइला | केजी | ५.०० | |
| ५४ | बुकीफुल | केजी | ०.२५ | |
| ५५ | बुकीफुलको तेल | केजी | २००.०० | |
| ५६ | अविजालो | केजी | ५.०० | |
| ५७ | निगालो | गोटा | ०.१० | |
| ५८ | अलैंची | केजी | १०.०० | |
| ५९ | लोठ सल्लाको पात | केजी | ५.०० | |
| ६० | लप्सी | केजी | ०.५० | |
| ६१ | पानी अमला | केजी | ५.०० | |
| ६२ | चम्पादेवी गाउँपालिका भित्र उत्पादन भै निकासी हुने उल्लेखित बाहेक अन्य बस्तुहरुको हकमा गाउँ कार्यपालिकाको निर्णय बमोजिम हुनेछ । | | | |
| ६३ | खस्रुको कोईला | केजी | २ | |
| ६४ | मछिनो तेल | केजी | प्रति लिटर १५० | |
| ६५ | मलेतो गोलिया | प्रति क्युविक फिट | ६ | |
| ६६ | बोधिचित्त | प्रतिशत (विक्रि मूल्यमा) | ५ | |

**ख) प्रचलित कानुनले निषेध गरे बाहेकको मरेका वा मारिएका पञ्छीको प्वाँख र पशुको हाड,छाला,सिंङ्ग र खुर निकासी करको दर**

| क्र.स. | विवरण | इकाई | प्रति इकाइ दर रु. | कैफियत |
|---|---|---|---|---|
| १ | प्वाँख | के.जी | ३ | |
| २ | हाड | के.जी | २ | |
| ३ | सिङ्ग | के.जी | ३ | |
| ४ | खुर | के.जी | ३ | |
| ५ | छाला | केजि | ५ | |

**ग) कृषि, पशु तथा पशुजन्य वस्तुको निकासी करको दर :**

| क्र.स. | विवरण | इकाई | प्रति इकाइ दर रु. | कैफियत |
|---|---|---|---|---|
| १ | भैसी जात (भैसी,राँगा, चौरी आदि) | गोटा | २०० | चोरी छलि गरेको पाईयमा रु ५०० |
| २ | गाई जात (गाई,गोरु आदि) | गोटा | २००.०० | |
| ३ | भेडा,बाखा,बंगुर जात (भेडा,बाखा,बंगुर आदि) | गोटा | १००.०० | |
| ४ | कुखुरा/कुखुराको जात (मिनी ट्रक/टयाक्टर) | ट्रिप | ३००.०० | |
| ५ | कुखुरा/कुखुराको जात (ठुलो ट्रक) | ट्रिप | ५००.०० | |

| | | | | |
|---|---|---|---|---|
| ६ | अण्डा (सात केट बराबर एक  बाकस) | बाकस | ५.०० | |
| ७ | आलु प्रति ट्रक | ट्रिप | ५०० | |
| ८ | गोलभेडा,काउली, (ठुलो ट्रक) | ट्रिप | १०००.०० | |
| ९ | गोलभेडा,काउली, (मिनी ट्रक/टयाक्टर) | ट्रिप | ५००.०० | |
| १० | बन्दा,साग (ठुलो ट्रक) | ट्रिप | ५००.०० | |
| ११ | बन्दा,साग (मिनी ट्रक/टयाक्टर) | ट्रिप | ३००.०० | |
| १२ | लसुन,वेसार,अदुवा,(ठुलो ट्रक) | ट्रिप | १०००.०० | |
| १३ | लसुन,वेसार,अदुवा,(मिनी ट्रक/टयाक्टर) | ट्रिप | ५००.०० | |
| १४ | मकै गहुँ धान कोदो लगायत आयातमा | ट्रिप | ५०० | निर्यात निशुल्क |

**अनुसुची -.६**

**(अनुसूची ६ वमोजिम गाउँपालिकाले लिने सवारी साधन करको दर)**

केन्द्र वा प्रदेशमा सवारी साधन दर्ता तथा अनुमति लिएका सबै प्रकारका सवारी साधनहरु चम्पादेवी गाउँपालिका क्षेत्र भित्र नियमित रुपमा सञ्चालन गर्दा गाउँपालिकामा अनिवार्य अभिलेखिकरण गरी सञ्चालनको अनुमति लिनु पर्नेछ । गाउँपालिकाबाट अनुमति लिएका सवारी साधनले निम्नानुसार वाषिक शुल्क बुझाउनु पर्नेछ ।

| **क.सं** | **विवरण** | दर | कैफियत |
|---|---|---|---|
| १. | बस, ट्रक, लरी र अन्य हेभी गाडी | १०००.०० | |
| २. | भाडाका ट्याक्टर कार जीप | १०००.०० | |
| ३. | भाडाको मिनिवस | ७००.०० | |
| ५. | नीजि कार, मिनीबस | ५००.०० | |
| ६. | स्कुटर, मोटरसाइकल तथा अन्य सवारी साधन | २००.०० | |

गाउँपालिकामा दर्ता नभएका कुनैपनि सवारी साधनको दुर्घटना, बीमा वा अन्य किसिमको सिफारिश लिँदा माथि उल्लेखित सवारी साधन दर्ता शुल्कको दोब्बर शुल्क लिई सिफारिश प्रदान गरिनेछ ।

**अनुसुची -.७**

**(अनुसूची ७ वमोजिम गाउँपालिकाले लिने विज्ञापन करको दर)**

| क.सं. | विवरण | कैफियत | |
|---|---|---|---|
| | | प्रति वर्ग फुट | |
| १ | होर्डिङ बोर्ड/डि.पि.एस. बोर्ड/ग्लो बोर्ड | २०।- | |
| २ | भित्ते लेखन | २०।- | |
| ३ | तुल ब्यानरमा लेखाई | २०।- | |

**अनुसुची -.८**

**(अनुसूची ८ बमोजिम गाउँपालिकाले लिने मनोरञ्जन कर)**

| क.सं. | विवरण | करको दर | कैफियत |
|---|---|---|---|
| १ | सिनेमा हल, भिडियो हल, साँस्कृतिक प्रदर्शन हल, थियटर, संगीत, मनोरञ्जन प्रदर्शनस्थल, ऐतिहासिकस्थल, पुरातात्विक स्थल एवं धार्मिक महत्वका सम्पदाको प्रवेश शुल्क रकमको (तर ऐतिहासिक, पुरातात्विक र धार्मिक महत्वका सम्पदामा प्रवेश गर्दा नेपाली नागरिकलाई प्रवेश शुल्क लिइने छैन) | २% (प्रति टिकट दरको) | |
| २ | जादु, सर्कस, चटक आदिमा प्रति दिन | ५००.०० | |
| ३ | पुल हाउस, स्केटिङ दर्ता शुल्क | ५०००.०० | |
| ४ | पुल हाउस नवीकरण शुल्क | २०००.०० | |
| ५ | क्यारमबोर्ड दर्ता शुल्क | २०००.०० | |
| ६ | क्यारमबोर्ड नवीकरण शुल्क | १०००.०० | |

क) सिनेमाहल वा भिडियो हलहरुमा प्रवेश शुल्कको ३ % का दरले मनोरञ्जन कर असुल गरिनेछ । चालु आ.व. भित्र असुल नभए अर्को वर्ष ५ % थप गरी असुल गरिनेछ ।

**अनुसुची -.९**

**(अनुसूची ९ बमोजिम गाउँपालिकाले लिने बहाल बिटौरी शुल्क)**

गाउँपालिका क्षेत्रभित्रमा निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट बजार र सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटो छेउमा अस्थायी पसल वा व्यवसाय गर्न दिए वापत प्रति वर्गफिट मासिक रु. २/- बहाल बिटौरी कर असुल गरिने छ।

| | |
|---|---|
| घोराखोरी बजार क्षेत्र भित्र प्रति स्टल /प्रति पशल | मासिक रु ४००/२०० |
| पलापु बजार क्षेत्र भित्र प्रति स्टल /प्रति पशल | मासिक रु२००/१०० |
| सुन्दरपुर क्षेत्र भित्र प्रति स्टल /प्रति पशल | मासिक रु२००/१०० |
| नवलपुर बजार क्षेत्र भित्र प्रति स्टल /प्रति पशल | मासिक रु २००/१०० |

नोट स्थानिय कृषि उपज बिक्रि वितरण गर्ने कृषकलाई उपलब्ध गराईएको स्टलमा स्थानीय कृषको हकमा वहाल विरोटी शुल्क पूर्ण रुपमा छुट हुनेछ।

**अनुसुची -.१०**

**(अनुसूची १० बमोजिम गाउँपालिकाले लिने पार्किङ शुल्कको दर)**

क) मोटरसाईकलको लागि पहिलो प्रति घण्टाको लागि रु ५/- र सो भन्दा बढिको लागि रु १० /-

ख) हलुका सवारी साधनको लागि पहिलो प्रति घण्टाको लागि रु. १०/- र सो भन्दा बढिको लागि रु. २०/-

ग) ट्र्याक्टरको लागि पहिलो प्रति घण्टाको लागि रु. १५/- र सो भन्दा वढिको लागि रु. २५/-

घ) हेभि सवारी साधनको लागि पहिलो प्रति घण्टाको लागि रु २५/- र सो भन्दा वढिको लागि रु. ४०/-

**अनुसुची -.११**

**(अनुसूची ११ बमोजिम गाउँपालिकाले लिने ट्राभल एजेन्सी, फनपार्क, ग्लाइडिङ, वाटर र्‍याफ्टीङ, ट्रेकिङ, बन्जी जम्पिङ्ग, पदयात्रा, घोडचढी आदि शुल्कको दर)**

११. गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्राभल एजेन्सी, फनपार्क, ग्लाइडिङ, वाटर र्‍याफ्टीङ, ट्रेकिङ, बन्जी जम्पिङ्ग, पदयात्रा, घोडचढी आदि जस्ता व्यवसाय सञ्चालन भएमा बार्षिक तपशिल बमोजिम शुल्क लाग्नेछ।

| **ट्राभल्स, टुर्स एण्ड मनोरञ्जन** | **ा रु.** |
|---|---|
| क) ट्राभल एजेन्सी, ग्लाइडिङ, वाटर र्‍याफ्टीङ, ट्रेकिङ, आदि जस्ता व्यवसायमा। | १०,०००.०० |
| ख) फनपार्क, पदयात्रा, घोडचढी आदि। | ७,०००.०० |

**अनुसुची -.१२**

**(अनुसूची १२ बमोजिम गाउँपालिकाले लिने सेवा शुल्क वापतको दर)**

| **क्र.सं.** | **विवरण** | **रकम रु** | **कैफियत** |
|---|---|---|---|
| १) | नाता प्रमाणित | २०० | |
| २) | नागरिकताको प्रतिलिपि लिने सिफारिश | ५०० | |
| २ख | नागरिकता सिफारिस | १०० | |
| ३) | बहाल करको लेखाजोखा सिफारिश | ५०० | |
| ४) | कोठा खोल्न रोहवरमा बस्ने सिफारिश | १०० | |
| ५) | मोही लगत कट्टाको सिफारिश | १०० | |
| ६) | घर जग्गा करको लेखाजोखा (बार्षिक आम्दानी खुलेको) सिफारिश<br>क) बार्षिक एकलाख सम्म आम्दानी खुलेको | १००० | |

| | | | |
|---|---|---|---|
| | ख) एक लाख देखि दश लाख सम्म आम्दानी खुलेको<br>ग) दश लाख भन्दा माथिको आम्दानी खुलेको | २५००<br>५००० | |
| ७) | विवाह मिति प्रमाणित गरिएको सिफारिश | २०० | |
| ८) | व्यापार व्यवसाय बन्द भएको, वा सञ्चालनमा नभएको सिफारिश | १०० | |
| ९) | मिलापत्रको कागज गराउने निवेदन दर्ता सिफारिश | १०० | |
| १०) | विवाह प्रमाणित तथा अविवाहित प्रमाणिकरण सिफारिश | २०० | |
| ११) | निशुल्क वा सशुल्क स्वास्थ्य उपचारको सिफारिश | निशुल्क | |
| १२) | अंग्रेजी माध्यममा सिफारिश तथा प्रमाणित गर्ने | १००० र थप प्रतिपेज रु. २०० | |
| १३) | घर पाताल प्रमाणित सिफारिश | ५० | |
| १४) | व्यक्तिगत विवरण प्रमाणित गर्ने सिफारिश | १०० | |
| १५) | जग्गाधनी दर्ता प्रमाण पूर्जामा घर कायम गर्ने सिफारिश | १०० | |
| १६) | फरक-फरक नाम, थर, जन्ममिति प्रमाणित र दुवै नाम गरेको व्यक्ति एकै हो भन्ने सिफारिश | १०० | |
| १७) | नाम, जन्ममिति संसोधनको सिफारिश | १०० | |
| १८) | जग्गाधनी दर्ता प्रमाण पत्र हराएको सिफारिश | १०० | |
| १९) | कागज वा मञ्जुरीनामा प्रमाणित गर्ने सिफारिश | २०० | |
| २०) | संरक्षक प्रमाणित गर्ने र व्यक्तिगत सरंक्षक सिफारिश गर्ने | १०० | |
| २१) | जिवीतसंगको नाता प्रमाणित गर्ने सिफारिश | १०० | |
| २२) | हकवाला वा हकदार प्रमाणित गर्ने सिफारिश | १०० | |
| २३) | नामसारी गर्ने सिफारिश | २०० | |
| २४ | जग्गाको हकसम्बन्धी सिफारिश | १०० | |
| २५) | मृतकसँगको नाता प्रमाणित तथा सरजिमिन सिफारिश | १०० | विदेशमा मृत्यु भएकोमा निशुल्क |
| २६) | उद्योगको ठाउँसारी सिफारिश | ५०० | |
| २७) | जिवीत रहेको सिफारिश | १०० | |
| २८) | विद्यालय खोल्ने सिफारिश<br>क) सामुदायिक विद्यालय<br>ख) निजी विद्यालय | <br>१०००<br>५००० | |
| २९) | **घर जग्गा (अचल सम्पति)मूल्यांकन सिफारिश**<br>क) दश लाखसम्मको मूल्याँकन सिफारिश<br>ख) दश लाखदेखि पच्चीसलाखसम्मको मूल्यांकन सिफारिश<br>ग) पच्चीस लाखदेखि पचास लाखसम्म मूल्यांकन सिफारिश<br>पचासलाख देखि एक करोडसम्मको मूल्याँकन सिफारिश<br>एक करोड देखि माथिको मूल्यांकन सिफारिश | <br>०.२५<br>०.५<br>०.७५<br>१ | प्रतिशतमा |
| ३०) | पालन पोषणको लागि सिफारिश | १०० | |
| ३१) | वैवाहिक अंगीकृत नागरिकता सिफारिश | ७०० | |
| ३२) | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित सिफारिश | | निशुल्क |
| ३३) | आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित सिफारिश | १००० | |
| ३३(क) | घरबाटो सिफारिस | १००० | कच्ची ५०० |
| ३३(ख) | चार किल्ला प्रमाणित सिफारिस | ५०० | |
| ३४) | सामुदायिक विद्यालय ठाउँसारी गर्ने सिफारिश | १००० | |

| | | | |
|---|---|---|---|
| | निजी विद्यालय ठाउँसारी गर्ने सिफारिश | २००० | |
| ३५) | धारा तथा विद्युत जडानको लागि सिफारिश | १०० | |
| ३६) | संघ संस्था (NGO, INGO) दर्ता सिफारिश | १००० | |
| ३७) | संघ संस्था (NGO, INGO) नवीकरण सिफारिश | ५०० | |
| ३८) | छात्रवृत्ति सिफारिश (विदेश अध्ययन प्रयोजनको लागि मात्र) | १००० | |
| ३९) | छात्रवृत्ति सिफारिश (स्वदेश अध्ययन प्रयोजनको लागि मात्र) | निशुल्क | |
| ४०) | मुद्धा दर्ता शुल्क लिखित जवाफ पेश गरेको शुल्क | २०० | |
| ४१ | कित्ताकाट गर्ने सिफारिश अंश बन्डा | १०० | |
| ४२ | किन बेच सिफारिस | ५०० | |
| ४३) | कृषक समूह, पशु समूह दर्ता शुल्क | २०० | |
| ४४) | अन्य सरजमिन | ५०० | |
| ४६) | प्लटिङ सिफारिस- प्रति रोपनी | १००० | |
| ४७ | घट्ना दर्ता प्रतिलिपी | ५०० | |
| ४८ | विशेष मुल्यांकनमा नपर्ने सिफारिस दस्तुर | २०० | |
| ४९ | मृत्यु पछीको जग्गा नामसारी सर्जिमन शुल्क | २०० | |
| ५० | पारिवारिक विवरण प्रमाणित सिफारिस | २०० | |
| ५१ | सरकारी विद्यालय खोल्ने सिफारिस | १००० | |
| ५२ | निजी क्षेत्रका स्कूल खोल्ने अनुमति सिफारिश | १०० | |
| ५३ | परीक्षा शुल्क | | |
| | क)अधिकृत स्तर | १००० | |
| | ख)सहायक स्तर/कार्यालय सहयोगी | ५०० | |
| | | | |

जन्म दर्ता, मृत्यु दर्ता, बसाई सराई जाने/आउने दर्ता, सम्बन्ध विच्छेद दर्ता, विवाह दर्तामा भने जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता) ऐन, २०३३ बमोजिम हुनेछ भने घटना घटेको ३५ दिन नाघी आएको सिफारीशको लागि दस्तुर रु २०० लाग्नेछ ।

**अनुसुची -.१३**

**(अनुसूची १३ बमोजिम गाउँपालिकाले लिने पर्यटन शुल्कको दर)**

| क्र.सं. | पर्यटक | शुल्क रु. |
|---|---|---|
| १ | आन्तरिक (गाउँपालिका भित्रको व्यक्ति) | २०/– |
| २ | वाह्य (विदेशी नागरिक) | ५०/– |

विद्यार्थी, बालबालिका, जेष्ठ नागरिक र धार्मीक पर्यटक हो भन्ने परिचय खुलेमा पचास प्रतिशत रकम छुट हुनेछ । साथै यस्ता क्षेत्रमा फोहोरमैला गरेमा तथा अन्य कानूनद्वारा अवैध भनिएका कार्यहरु गरेमा रु.५००/– सम्म दण्ड जरिवाना गर्न सकिने छ ।

**अनुसुची -.१४**

**(अनुसूची १४ बमोजिम गाउँपालिकाले लिने दर्ता नवीकरण तथा सिफारिश शुल्कको दर)**

| क्र.स. | विवरण | इकाई | प्रति इकाई दर रु. | कैफियत |
|---|---|---|---|---|
| १ | रु.१ लाख भन्दा कम आर्थिक कारोबार गर्ने को लागि नविकरण दस्तुर | सिफारिस | ५००.०० | |
| २ | रु. १ लाख देखी रु.५ लाख भन्दा कम आर्थिक कारोबार गर्नेको लागि नविकरण दस्तुर | सिफारिस | ७००.०० | |
| ३ | रु.५ लाख देखी रु. १० लाख भन्दा कम आर्थिक कारोबार गर्नेको लागि नविकरण दस्तुर | सिफारिस | १,०००.०० | |
| ४ | रु.१० लाख आर्थिक कारोबार गर्नेको लागि नविकरण दस्तुर | सिफारिस | १,५००.०० | |

| क.स. | विवरण | इकाई | प्रति इकाई दर रु. | कैफियत |
|---|---|---|---|---|
| ५ | रु.१० लाख भन्दा माथी आर्थिक कारोबार प्रतिलाख थप नविकरण दस्तुर | सिफारिस | २५ | |
| ६ | खानेपानी मुहान दर्ता दस्तुर | सिफारिस | १,०००.०० | |
| ७ | सिंचाई मुहान दर्ता दस्तुर | सिफारिस | १,०००.०० | |
| ८ | खानेपानी र सिंचाई उपभोक्ता समिति नविकरण | सिफारिस | ५००.०० | |
| ९ | व्यक्तिगत घटना दर्ता(पंजीकरण) त्रुटी/गल्ती सच्याउने/सच्याउन सिफारिस गर्ने दस्तुर | सिफारिस | १००.०० | |
| १० | विभिन्न संघ संस्था वा समितिहरुलाई योजना/आयोजना/कार्यक्रम आदिको मागको लागि सरकारी तथा गैरसरकारी निकायहरुमा सिफारिस वापत प्रति सिफारिस दस्तुर | सिफारिस | २००.०० | |
| ११ | विभिन्न संघ संस्था वा समितिहरुलाई योजना/आयोजना/कार्यक्रम आदिको मागको लागि विभिन्न विदेशी निकायहरु तथा दातृ निकायहरुमा सिफारिस दस्तुर | सिफारिस | १,०००.०० | |
| १२ | कुनै विज्ञ/पेशागत कार्य/अध्ययन अनुसन्धान कार्य गर्न अनुमति वा सिफारिस दस्तुर | सिफारिस | १,०००.०० | |
| १३ | लघु जलविद्युत आयोजना(२ मेघावट सम्म) को सर्वेक्षण अनुमती/सिफारिस दस्तुर | सिफारिस | १,०००.०० | |
| १४ | लघु जलविद्युत आयोजना(२ मेघावट भन्दा माथी) को निर्माण अनुमती/सिफारिस दस्तुर | सिफारिस | ५,०००.०० | |
| १५ | जलबिद्युत आयोजना १० मेघावट भन्दा माथि सर्वेक्षण अनुमति सिफारिस दस्तुर | सिफारिस | ५००.०० | |
| १६ | घ.श्रेणीको निर्माण व्यवसायीको कम्पनीमा दर्ता गर्न सिफारिस दस्तुर | सिफारिस | कानून बमोजिम | |
| १७ | न्यायीक समितीमा उजुरी दर्ता दस्तुर | | ५० | |
| १८ | अन्य विविध सिफारिस | सिफारिस | १०० | |

**अनुसुची -.१५**

**(अनुसूची १५ बमोजिम गाउँपालिकाले लिने घर निर्माण तथाा नक्सा पास दस्तुर दर)**

| **क.सं.** | **विवरण** | **ईकाइ** | **दर** | अभिलेखीकरण दस्तुर |
|---|---|---|---|---|
| १ | आर सि सि ढलान भवन आवसिय | प्रति वर्ग फिट | रु. ४/– | रु. ४/– |
| २ | आर सि सि ढलान भवन व्यवसायिक | प्रति वर्ग फिट | रु. ६/– | रु. ६/– |
| ३ | गह्रो वाला घर | प्रति वर्ग फिट | रु. ३/– | रु. ३/– |
| ४ | बैकल्पिक सामाग्री प्रयोग गरी निर्माण गरिएको घर | प्रति वर्ग फिट | रु. ३/– | रु. ३/– |

नक्सापास नगरी घर निर्माण गरी निर्माण सम्पन्न लिन आएका वा घर निर्माणको लागि नक्सापास गरे बमोजिम भन्दा फरक संरचना बनाएमा तोकिएको दरमा जम्मा हुन आउने रकमको सत प्रतिशत जरिवाना गरिनेछ ।

**अनुसुची -१६**

**(अनुसूची १६ बमोजिम गाउँपालिकाले लिने बालुवा, गिट्टी, रोडा, ढुंगा बिक्री दर)**

| **क.स.** | **विवरण** | **इकाई** | **प्रति इकाई दर रु.** | **कैफियत** |
|---|---|---|---|---|
| १ | बालुवा,गिट्टी,रोडा,ढुंगा,ग्राभेल तथा लोहोरे ढुंगा ( गाउँपालिका भित्रको प्रयोग) | घन मिटर | १५० | मु.अ.क.बाहेक |
| २ | पालिका भित्र उत्खन्नन तथा निकासी गर्दा लाग्ने कर (बालुवा गिट्टी रोडा ढुंगा ग्रावेल तथा लोहोरे ढुंगा आदि) | सवारी साधनको नाम | करको दर | |
| | | टिपर | १५०० | |
| | | मिनी ट्रक | १००० | |

| | | | | |
|---|---|---|---|---|
| | | ट्र्याकट्रर | ५०० | |

माथि उल्लेखित करको दरमा सुल्क तिरी निकासी तथा पैठारी गरेमा मात्र बैध मानिने छ। उक्त करको दर भन्दा फरक पारी वा जाल साझि गरेमा प्रचलित दरको ५० प्रतिशतले हुने रकम बरावरको रकम विगो तिर्न लगाउई उसुल उपर गरिने छ।

## अनुसूची -१७

जग्गा नापजाच तथा फिल्ड रेखाङ्कनका लागि लिइने राजस्वको मापदण्ड

| क्र.सं. | **छेत्रफल** | | | | राजस्व | कैफियत |
|---|---|---|---|---|---|---|
| | **वर्ग मिटर** | | **रोपनी - आना - पैसा** | | | |
| | **देखि** | **सम्म** | **देखि** | **सम्म** | | |
| **१** | ३१.८ | ३१७.९६ | ० - १ - ० | ० - १० - ० | रु २००० | |
| **२** | ३१७.९६ | ५०८.७४ | ० - १० - ० | १ - ० - ० | रु २५०० | |
| **३** | ५०८.७४ | ८६४.८५ | १ - ० - ० | १ - ११ - ० | रु ३००० | |
| **४** | ८६४.८५ | १२७१.८४ | १ - ११ - ० | २- ८- ० | रु ३५०० | |
| **५** | १२७१.८४ | १८८२.३३ | २-८-० | ३ - ११ - ० | रु ४००० | |
| **६** | १८८२.३३ | २७९८.०५ | ३ - ११ - ० | ५ - ८ - ० | रु ४५०० | |
| **७** | २७९८.०५ | ३५६१.१६ | ५ - ८ - ० | ७ - ० - ० | रु ५००० | |
| **८** | ३५६१.१६ | ५०८७.३७ | ७ - ० - ० | १० - ० - ० | रु ५५०० | |

नोटः १० रोपनी भन्दा माथी जग्गा नापजाँच गर्नु परेमा हरेक २ रोपनी बराबर रु.५०० राजस्व स्वरुप थपहुदै जानेछ

(यस ऐनमा उल्लेख नभएका कर तथा दर्ता शुल्क दर निर्धारण गाउँ कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

प्रमाणित गर्ने :
नवराज के सी
सभा अध्यक्ष
प्रमाणित मिति :